लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, नवलपरासी (व.सु.प.)

निमित्त डिभिजनल वन अधिकृत

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रि सुचना
## तेस्रो पटक पुन. सूचना प्रकाशन मिति : २०८३।०३।२६

डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.) अन्तरगत श्री बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह, रामग्राम १८ को स्वीकृत कार्ययोजना बमोजिम आ.व. २०८०/०८१, आ.व. २०८१/०८२ मा उत्पादन भई रामग्राम पाल्हिनन्दन सव डिभिजन वन कार्यालय परिसरमा घाटगद्दी भएको विभिन्न लटमा विभाजित निम्न परिमाणको प्रदेश सरकार तर्फको गोलिया काठ दाउरा र जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था फर्म वा कम्पनिले यो सूचना **गोरखापत्र राष्ट्रिय पत्रिकामा तेस्रो पटक पुन. प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालय तथा वन निर्देशनालय, रुपन्देहीबाट बोलपत्र खरिद गरी १६औं** दिन दिनको १:०० बजे सम्मको समयमा प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

१) **वन पैदावारको विवरण :**

| लट नं. | जात | ग्रेड | थान | परिमाण ( क्यू.फि/चट्टा) | राजश्व | न्यूनतम | संकलन खर्च | घाङ न. |
|---|---|---|---|---|---|---|---|---|
| लट ४ ०८१/०८२ | साल | A | १० | १७५.१० | १२५० | २१८८७५ | १८४.८५ प्रति क्युफिट | C1S1-5 (9,15) (2080) repeat |
| | साल | B | ४९ | ४७२.२ | ९०० | ४२४९८० | | |
| | साल | C | १३२ | ५३५.८७ | ६०० | ३२१५२२ | | |
| | साल | D | २९ | ९१.९९ | ३०० | २७५९७ | | |
| | साल | दाउरा | चट्टा | ३ | १२००० | ३६००० | १२५५६ | |
| | जम्मा | | २२० | १२७५.२ | | १०२८९७४ | | |
| लट ९ ०८२/०८३ | अस्ना | A | १२ | १९७.६४ | ४०० | ७९०५६ | प्रति क्यु.फि. रु.१५०। | c1s1-1-35 c3s2-1-28 (2081) repeat |
| | अस्ना | B | २६ | ३२९.८४ | ३०० | ९८९५२ | | |
| | अस्ना | C | ८५ | ४२८.७६ | १०० | ४२८७६ | | |
| | साल | C | १ | ४.२४ | ६०० | २५४४ | | |
| | साल | D | २ | १२.८९ | ३०० | ३८६७ | | |
| | जिंगड | | ५ | १८.२ | १०० | १८२० | | |
| | प्यारी | | २ | ७.६७ | १०० | ७६७ | | |
| | जम्मा | | १३३ | ९९९.२४ | | २२९८८२ | | |
| लट १२ ०८२/०८३ | साल | B | ५ | ४४.७५ | ९०० | ४०२७५ | प्रति क्यु.फि रु.१५०। | c1s1-1 37 (2081) repeat |
| | साल | C | ५७ | २७९.४३ | ६०० | १६७६५८ | | |
| | साल | D | ६१ | २८६.१६ | ३०० | ८५८४८ | | |
| | जम्मा | | १२३ | ६१०.३४ | | २९३७८१ | | |

२) बोलपत्र खरिद दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

खरिद गर्ने : क) अन्तिम मिति : २०८३।०४।०८ (ख) समय : कार्यालय समय भित्र

दाखिला गर्ने : क) अन्तिम मिति : २०८३।०४।११ (ख) समय : दिउसो १ बजे सम्म


email : parasidfo@gmail.com

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, नवलपरासी (व.सु.प.)

निमित्त डिभिजनल वन अधिकृत

३) बोलपत्र डिभिजन वन कार्यालय, नवलपरासी र वन निर्देशनालय, बुटवलबाट खरिद र दाखिला गर्न सकिनेछ।

४) बोलपत्रसाथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम को.ले.नि.का., नवलपरासीको नाममा राष्ट्रिय वाणिज्य बैंक परासीमा रहेको धरौटी खाता नं. ३१००१००२०२०३०००० मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ।

५) बैङ्क जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ।

६) बोलपत्र फारम प्रति लटको दश लाख सम्मको रु. १०००। र दश लाख भन्दा माथि रु.२०००। पछि फिर्ता नहुने गरी यस कार्यालयको बैंक खातामा जम्मा गरी खरिद गर्नु पर्नेछ।

७) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस तोकिएको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ।

८) लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्वी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

९) निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू दाखिला भएको भोलि पल्ट दिनको २:०० बजे साक्षीहरूको रोहवरमा खोलिने छ।

१०) लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको **१० (दस)** दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

११) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

१२) बोलपत्रमा केरमेट भएमा, हस्ताक्षर नभएमा, छाप नभएमा, सकार रकमको अंक र अक्षर नमिलेमा, लट अनुसार परिमाण नमिलेमा बोलपत्र मान्य हुने छैन।

१३) बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन बोलपत्र खरिद वा दाखिला गर्न सकिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्बन्धित कार्यालयमा सुरक्षित रहने छ।

१५) अन्य कुराको हकमा प्रचलित ऐन, कानुन, नियम, निर्देशिका बमोजिम हुने छ।

१६) सूचना बमोजिम बोलपत्र पेश गरिसकेपछि सूचनाका शर्त सम्बन्धमा उठाईने कुनै विवाद स्वत : अमान्य हुनेछ।